**मिति: २०८३।२।२७, २८ र २९ गते**
**समय: दिनको ११:०० बजे**

**बैठक नं. १०/२०८२/०८३**

आज मिति २०८३ जेठ २७, २८ र २९ गते बुधबार, बिहिबार र शुक्रवारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

**<u>उपस्थिति</u>**

| क्र.सं. | नाम,थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | सदस्य-सचिव | ९८५२८२४४०० | |

**प्रस्ताव तथा निर्णयहरु**

| नि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | गत वैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा । | गत कार्यपालिकाको वैठक मिति २०८३।०१।२९ मा भएको निर्णय कार्यान्वयनको अवस्था देहाय वमोजिम भएको समीक्षा गरियो ।<br>क) विपद सामाग्री खरिद कार्य हुन नसकेकोले खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयले लगाउने ।<br>ख) राहत सामग्री खरिद हुन नसकेकोले खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने । |



महाकुलुङ गाउँपालिका

बैठक नं. १०/२०८२/०८३

<table>
<tr><td></td><td></td><td>ग) प्रमुख प्रशासकीय अधिकृतको विषयमा गरिएको निर्णय सम्बन्धित निकायमा समन्वयको अनुरोध गरी पठाइएको ।<br>घ) कर्मचारी व्यवस्थापन सम्बन्धी निर्णय कार्यान्वयन भएको ।<br>ङ) महिला जनजाति भवन मर्मत सम्बन्धिको निर्णय कार्यान्वयन गरिएको ।<br>च) वडा नं. २ अन्तर्गतको स्टिमेट परिवर्तनको निर्णय कार्यान्वयन भएको ।<br>छ) वडा नं. २ अन्तर्गत वजेट रकमान्तर गरी ल्यापटप खरिद गर्ने कार्य सम्पन्न हुने क्रममा रहेको ।<br>ज) वडा नं. ५ को योजना शिर्षकको परिवर्तन सम्बन्धीको निर्णय कार्यान्वयनमा रहेको ।</td></tr>
<tr><td>२.</td><td>वजेट कार्यतालिका निर्माण सम्बन्धमा</td><td>महाकुलुङ गाउँपालिकाले आगामी आर्थिक २०८३/८४ लागि वजेट तथा योजना निर्माणका सात चरण पुरा गर्नको लागि देहाय वमोजिमको वजेट तथा योजना निर्माण कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्य</th><th>कार्यान्वयन गर्ने निकाय/समिति</th><th>संयोजन</th><th>मिति</th></tr>
<tr><td>१</td><td>बजेटको पूर्व तयारी</td><td>कार्यालयबाट</td><td>प्र.प्र.अ.</td><td>जेठ २८</td></tr>
<tr><td>२</td><td>आगामी आ.व.को राजस्व को प्रक्षेपण र अनुमान तयार गर्ने</td><td>राजस्व परामर्श समिति</td><td>उपाध्यक्ष</td><td>जेठ २९</td></tr>
<tr><td>३</td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण</td><td>श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति</td><td>अध्यक्ष</td><td>असार १</td></tr>
<tr><td>४</td><td>वस्ती स्तरमा योजना छनौट</td><td>वडा समिति</td><td>वडा अध्यक्ष</td><td></td></tr>
<tr><td>५</td><td>वडा स्तरमा प्राथमिकता निर्धारण तथा छनौट</td><td>वडा समिति</td><td>वडा अध्यक्ष</td><td>असार ७ सम्म</td></tr>
<tr><td>६</td><td>बजेट तथा कार्यक्रम तर्जुमा</td><td>बजेट तथा कार्यक्रम तर्जुमा समिति</td><td>उपाध्यक्ष</td><td>असार ८</td></tr>
<tr><td>७</td><td>कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति</td><td>कार्यपालिका</td><td>अध्यक्ष</td><td>असार ९</td></tr>
<tr><td>८</td><td>नीति तथा कार्यक्रम प्रस्तुती</td><td>गाउँसभा</td><td>अध्यक्ष</td><td>असार १०</td></tr>
<tr><td>९</td><td>नीति तथा कार्यक्रम पारित गर्ने/गाउँसभामा बजेट पेश</td><td>गाउँसभा</td><td>अध्यक्ष</td><td>असार ११</td></tr>
<tr><td>१०</td><td>आगामी आ.व. को वजेट छलफल तथा पारित गर्ने</td><td>गाउँसभा</td><td>अध्यक्ष</td><td>असार १२</td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>कार्यविधि सम्बन्धमा</td><td>यस गाउँपालिकाको कर्मचारी विदा स्वीकृत सम्बन्धी कार्यविधी, २०८३ निर्माण गर्ने तथा आवश्यक छलफल सहित आगामी कार्यापालिकामा पेश गर्ने निर्णय गरियो ।</td></tr>
</table>

महाकुलुङ गाउँपालिका

मितिः २०८३।२।२७, २८ र २९ गते

समयः दिनको ११:०० बजे

बैठक नं. १०/२०८२/०८३

| | | |
|---|---|---|
| ४. | वजेट रकमान्तर सम्बन्धमा | वडा नं. ३ अन्तर्गत विनियोजित वजेटमध्ये **हिलला हारिम्बु खर्क खानेपानी** शिर्षकको वजेट कार्यान्वयन गर्नको लागि सम्बन्धित उपभोक्ता समितिलाई उपस्थित हुन सूचना समेत जारी गरिएकोमा सो अवधीमा उपभोक्ता समिति उपस्थित पनि हुन नसकेको साथै सो योजना कार्यान्वयन गर्नको लागि सम्भवना कम रहेकोले उक्त योजनालाई परिमार्जन गरी **खार्दो बस्मे सडक सोलिङ तथा मर्मत** शिर्षकमा विनियोजन गरी साविक योजनाको उपभोक्ता समितिलाई नै योजना कार्यान्वयन गराउने निर्णय गरियो । |
| ५. | कन्टेन्जेन्सी रकमबाट सचांलन गरिने क्रियाकलाप सम्बन्धमा | चालु आव २०८२/८३ मा संचालन हुने सम्पूर्ण योजनाहरुको कन्टेन्जेन्सी रकमबाट देहाय अनुसारको कार्यक्रम/योजना संचालन गर्नको लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।<br>१) |
| ६. | संगठन संरचना स्वीकृत गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाले गठन गरेको समितिले आजको कार्यपालिकामा पेश गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कर्मचारी संगठनको संरचना अनुसूचीमा संलग्न गरी स्वीकृत गर्ने र आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरियो । |
| ७ | राहत रकम सम्बन्धमा | महाकुलुङ आधारभूत अस्पताल निर्माणको क्रममा त्यस निर्णाणबाट निर्माणस्थलको मुनीको भागतिरको जग्गालाई असर परेको, माटोले जग्गा पुरिएकोले सो जग्गा प्रयोग अयोग्य हुन गई जग्गा धनीबाट पटक पटक लिखित मौखिक माग, तथा नयाँ योजना संचालनमा समेत वाधा उत्पन्न भएकोले गाउँपालिका अध्यक्ष, वडा अध्यक्ष, कर्मचारी लगायतका टोली र जग्गाधनी विच भएको लिखित सम्झौता वमोजिमको राहत रमक रु. ५० हजार त्यस अस्पतालको वाल निर्माण ठेक्काको कन्टेन्जेन्सी रकमबाट खर्चे लेख्ने गरी भुक्तानी गर्ने निर्णय गरियो । |
| ८ | महिला स्वास्थ्य स्वयम् सेविका परिचालन, व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धी कार्यविधि | महिला स्वास्थ्य स्वयम् सेविका परिचालन, व्यवस्थापन तथा सेवा सुविधा सम्बन्धी कार्यविधी, २०८३ निर्माण गर्ने तथा आवश्यक छलफल सहित आगामी कार्यापालिकामा पेश गर्ने निर्णय गरियो । |
| ९ | बाटो व्यवस्थापन सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ मा पर्ने खेउ खोल्सा र खेस्नाम बिचको बाटोमा रहेको सडक मर्मतका क्रममा चट्टान खसेर बाटो बन्द भएको साथै चट्टानहरु खस्ने भै राखेको हुनाले मानवीय जोखिम समेत देखिएको साथै यातायात सञ्जाल समेत पूर्ण रुपमा वन्द भएको हुँदा स्थलगत अनुगमण गरी सो स्थानको बाटो मर्मत गर्न सकिने भएमा गाउँपालिका अन्तर्गतका योजना हरुको कन्टेन्जेन्सी रकमबाट भुक्तानी गर्ने गरी बाटो खोल्ने योजना संचालन गर्ने, वैकल्पिक मार्गको रुपमा प्रयोग हुनसक्ने नाम्लुङ बाट बुदुमखोला हुँदै वडा नं. ५ को बाटोको प्रयोग हुन सक्ने भएमा स्थलगत अनुगमण गरी वजेट व्यवस्थापन गरी बाटो मर्मत गर्ने निर्णय पारित गरियो । |

महाकुलुङ गाउँपालिका

**मितिः २०८३।२।२७, २८ र २९ गते**

**समयः दिनको ११:०० बजे**

**बैठक नं. १०/२०८२/०८३**

| | | |
|---|---|---|
| १० | विपद प्रतिकार्य योजनाको मस्यौदा सम्बन्धमा | यस गाउँपालिकाको वपद प्रतिकार्य योजनाको मस्यौदामथि छलफल तथा आवश्यक संशोधन गरी सहित थप जानकारी तथा आवश्यक सूचना संलग्न गराउने सुझाव प्रदान गरियो । |

महाकुलुङ गाउँपालिका